# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: ३२०६

मिति : २०७६/११/२६

श्री वडा कार्यालय (सबै),
तिलोत्तमा, नगरपालिका ।

विषय : पूर्ण सरसफाई सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाले "ग्रिन तिलोत्तमा, क्लिन तिलोत्तमा" भन्ने नाराकासाथ सरसफाई सम्बन्धी विभिन्न रचनात्मक कार्यक्रम अभियानको रुपमा संचालन गर्दै आइरहेको व्यहोरा अवगत नै छ । यस नगरपालिका पोलिथिन शून्य नगर घोषणा गर्ने वृहत अभियानको अन्त्यतिर लागिरहेको र पूर्ण सरसफाईयुक्त/उन्मुख नगरपालिका घोषणा गर्नका लागि आवश्यक न्यूनतम सूचकहरु समेत पूरा गरिसकेको सन्दर्भमा नगरक्षेत्रको स्थलगत अनुगमन गर्न सघं, प्रदेश सरकार तथा जिल्ला स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिबाट मिति २०७६/११/२८ गते अनुगमन टोली आउने भएको हुँदा यस कार्यलाई प्रमाणित गर्न उक्त अभियानमा सम्पूर्ण टोल विकास संस्था, आमा समूह, क्लव, खानेपानी तथा सरसफाई उपभोक्ता समिति लगायत सम्पूर्ण नगरबासीहरुलाई परिचालन गरी आ-आफ्नो घर, आगँन, टोल, खेत, कुलो, नहर, सडक, सार्वजनिक तथा सरकारी जग्गा लगायत आ-आफ्नो वडाको सम्पूर्ण भौगोलिक क्षेत्र सरसफाई गरी नगरका सबै घरधुरीमा स्टिकर टाँस गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।साथै, देहायको मिति, स्थान र समयमा शून्य पोलिथिन तथा पूर्ण सरसफायुक्त/उन्मुख नगर घोषणा गरिने भएकोले प्रतिनिधिमूलक रुपमा अनिवार्य उपस्थितिका लागि अनुरोध छ ।

तपसिल :

- **मिति** : २०७६/११/३० गते ।
- **स्थान** : मणिग्राम, औद्योगिक व्यापार मेला स्थल ।
- **समय** : बिहान ७:०० बजे ।
- **कार्यक्रम** : शून्य पोलिथिन नगर घोषणा कार्यक्रम ।

२०७६/११/२६
माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ :

- श्रीमान् नगर प्रमुख/नगर उप-प्रमुखको सचिवालय, तिलोत्तमा नगरपालिका ।

बोधार्थ :

- शिक्षा युवा तथा खेलकुद शाखा - सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई पत्राचार गरी आवश्यक समन्वय गरिदिनुहुन ।
- स्वास्थ्य शाखा - मातहतका स्वास्थ्यचौकी, शहरी स्वास्थ्य केन्द्र, प्रसुती केन्द्रमा पत्राचार गरी जानकारी गराउनुहुन ।
- कृषि शाखा/पशु सेवा केन्द्र - मातहतका केन्द्रमा जानकारी दिनुहुन ।